म.प.बै.सं. ३३।०८१

## संवत् २०८१ साल माघ ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०८१ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. मधेश प्रदेश सरकारको तर्फबाट मधेश प्रदेश सभामा पेश भएको मधेश प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ फिर्ता लिने।

म.प.बै.सं. ३४।०८१

## संवत् २०८१ साल माघ १५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. वन तथा वातावरण मन्त्रालयः वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः महिला कृषि स्वयंसेविका परिचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

३. मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम र बजेट कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधि, मार्गदर्शन, निर्देशिका एवं मापदण्डहरु सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयनमा ल्याउन अधिकार प्रत्यायोजन गर्ने।

४. प्रदेश निजामती सेवा ऐन, २०७७ र प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम प्रदेश निजामती सेवाका कर्मचारीहरुको अध्ययन बिदा स्वीकृत गर्ने अधिकार अधिकृत आठौं तह सम्मका कर्मचारीहरुको हकमा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव र अधिकृत नवौं र दशौं तहको कर्मचारीको हकमा प्रमुख सचिवलाई प्रत्यायोजन गर्ने।